कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

क्यान महासंघ स्पेशल

'क्यान कमटेक २०१६' भाद्र २३ गतेदेखि सभ्य र भव्य बनाउने तयारी

क्यान महासंघले आगामी भाद्र २३ गतेदेखि २६ गतेसम्म भृकुटीमण्डपस्थित प्रदर्शनीहलमा 'क्यान कमटेक २०१६' (इन्फरमेसन, कम्युनिकेशन र टेक्नोलोजी प्रदर्शनी) आयोजना गर्ने भएको छ ।

सूचना तथा संचार प्रविधिको विकास, विस्तार तथा प्रवर्द्धन गर्नका लागि क्यान महासंघले वर्षै पिच्छे यस्ता कार्यक्रमहरु संचालन गर्दै आएको छ । प्रदर्शनीमा ईन्टरनेट सेवा प्रदायक, टेलिकम्युनिकेशनस्, Electronic Security तथा Safety and Solution, हार्डवेयर सेल्स तथा मेन्टीनेन्स्, पावर सोलुसन्स्, मोवाईल एसेसोरिज, डिलर र डिस्ट्रिव्युटर्स, आईसीटी कलेज तथा ट्रेनिङ्ग ईन्स्टिच्युटस्, पेमेन्ट सोलुसन्स् र अन्य स्टलहरु रहने क्यान महासंघका अध्यक्ष ई. विनोद ढकालले जानकारी दिनुभयो । प्रदर्शनीहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीहरुको सहभागिता रहने ढकालले बताउनु भयो ।

क्यान कमटेक २०१६ को टाइटल स्पोन्सर सुबिसु केवलनेट प्रालि र एशोसिएट स्पोन्सरको रुपमा सामसुङ रहेको हुँदा क्यान कमटेकको अफिसियल नाम नै 'सुबिसु क्यान कमटेक २०१६ इन एसोसिएसन विथ सामसुङ' रहेको छ । त्यस्तै प्लाटिनम स्पोन्सरमा वेबसर्फर, सिल्भर स्पोन्सरमा स्टार अफिस ईन्टरनेशनल र नेटिस छ भने प्रिन्ट स्पोन्सरमा स्प्यारो एस.एम.एस. रहेको छ । साथै अफिसियल बैंकको रुपमा सन्राइज बैंक रहेको छ । सुबिसु, सामसुङ र सन्राइज बैंक २०७३ सालमा हुने क्यान कमटेक २०१६, क्यान ईन्फोटेक २०१७ र क्यान आईसिटि कन्फरेन्स २०१७ तीनवटा कार्यक्रमहरुको नै क्रमशः टाईटल स्पोन्सर, एशोसिएट स्पोन्सर र अफिसियल बैंकको रुपमा रहेको छ ।

अफिसियलहरुमा बैंक- सन्राइज बैंक, ईन्स्योरेन्स- प्रुडेन्सियल ईन्स्योरेन्स, आईएसपी.- सुबिसु, एफ.एम.-नेपाल एफएम, अनलाईन टिकेटिङ्ग- एफवान सफ्ट ईन्टरनेशनल, अनलाईन पेमेन्ट- ई-सेवा, नेपाली आईटी म्यागेजिन- लिभिङ्ग वीथ आईसीटी., अंग्रेजी आईटी म्यागेजिन- पिसीईन्फो, वेव न्युज- हाम्राकुरा डटकम,

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

र एसएमएसमा- जानकी टेक्नोलोजी, सि.सि.टि.भि.- ASPA Nepal र कियटिभ- विटी प्रिन्टिङ्गस् रहेका छन् । सुबिसु क्यान कमटेक २०१६ इन एसोसिएसन विथ सामसुङमा जम्मा ८१ (सानो र ठूलो गरि) वटा स्टलहरु रहनेछन् ।

यस पटकको प्रदर्शनीमा सेक्यूरिटी सोलुशन्स कम्पनीहरुका लागि छुट्टै pavilion को व्यवस्था गरिएको छ । जसलाई Electronic Security तथा Safety and Solution नामाकरण गरिएको छ । उक्त pavilion मा Electronic Security तथा Safety and Solution का उपकरणहरु जस्तै CCTV, Access Control System, Sensor and Alarm, Staff Attendance, Fire and Smoke Detector, Fire Fighter आदि रहने छन ।

'२१ औ सताब्दीमा Electronic Security तथा Safety and Solution को आवश्यकता र यसको महत्वलाई ध्यानमा राखेर क्यान महासंघले छुट्टै pavilion को व्यवस्था गरेको हो ।' विज्ञप्तिमा उल्लेख छ । यस संस्करणको प्रदर्शनीमा विशेष गरी ब्रोडब्याण्ड ईन्टरनेट र कम्प्युनिकेशन टेक्नोलोजीलाई जोड दिइएको जनाएको छ । जस अन्तर्गत ब्रोडब्याण्ड ईन्टरनेट सेवामा विशेष सहुलियतसहित High Speed Internet प्रमुख आकर्षण बन्ने छन् । साथै नेपाल सरकारले देशको प्रमुख शहरहरुमा अनिवार्य रुपमा Digital TV Transmission प्रणालीलाई लानुपर्ने लक्ष्य लिए अनुरुप सो सम्बन्धी जानकारी समेत उपलब्ध हुने छ । विश्व विख्यात Android Mobile (Smart Phone) का नयाँ प्रविधिहरु यस प्रदशनीका प्रमुख आकर्षण रहने छन् । नेपाल सरकारले परिकल्पना गरेको स्मार्ट सिटीको आधारभुत पूर्वाधार सम्बन्धी जानकारी यस प्रदर्शनीमा उपलब्ध हुने छ ।

सुविसु क्यान कमटेक २०१६ इन एसोसिएसन विथ सामसुङ अवलोकनका लागि सर्वसाधारणहरुलाई प्रवेश शुल्क रु ५०/-र विद्यार्थीहरुलाई रु २५/-तोकिएको छ । साथै कलेज तथा स्कुलका विद्यार्थीहरु सम्बन्धित कलेज तथा स्कुलको पत्रसहित आएमा टिकट दरमा विशेष छुट प्रदान गरिनेछ । यस पटकको प्रदशनीमा १,५०,००० अवलोकनकर्ताहरुले अवलोकन गर्ने अपेक्षा गरिएको छ ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

क्यान महासंघद्वारा राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसमा विविध कार्यक्रम

संघ संस्थाहरु पुरस्कृत

सूचना तथा सञ्चार प्रविधिको विकास, विस्तार तथा प्रवर्द्धन गर्ने उद्धेश्य अनुरुप क्यान महासंघले मे २ लाई सूचना तथा संचार प्रविधि दिवसका अवसरमा विविध कार्यक्रम आयोजना गरेको छ । दिवसका दिन विहानै राजधानीमा चेतनामूलक प्रभातफेरी कार्यक्रम आयोजना गरिएको थियो ।

सूचना प्रविधि विभाग, क्यान महासंघ लगायतका विभिन्न संघसस्थाहरुको समन्वयमा आयोजित प्रभातफेरी कार्यक्रम भृकुटीमण्डपबाट सुरु भएर शहिदगेट, एनएसी, रत्नपार्क, पुरानो बसपार्क हुँदै भृकुटीमण्डप पुगेर समापन भएको थियो । कार्यक्रममा सुचना तथा संचार प्रविधि क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था, शिक्षण संस्था र सूचना प्रविधिसँग सम्वन्धी व्यक्तिहरु सहभागि हुनुहुन्थ्यो ।

त्यस्तै क्यान महासंघ र सूचना प्रविधि विभागको आयोजनामा बेस्ट प्राक्टिस कार्यशाला सम्पन्न भएको थियो । कार्यशालाको सम्माननीय उपराष्टपति नन्द बहादुर पुनले उद्घघाटन गर्नु भएको थियो । कार्यक्रममा मनतब्य व्यक्त गर्नु हुँदै सम्माननीय उपराष्ट्रपति नन्द बहादुर पुन: ले अहिलेको युग प्रविधिको युग भएकाले यसको भर पूर सदुपयोग गर्नुपर्ने र दुरुपयोग हुनबाट जोगिन सवै सजक हुनुपर्ने वताउनु भयो । सबै नागरिकमा प्रविधिको पहुँच पुग्न नसकेको भन्दै उपराष्टपति पुनले सूचना प्रविधिको पंहुच पुगेका र नपुगेका नागरिकहरु बीचको दुरी घटाउनुपर्ने धारणा राख्नु भयो । कार्यक्रममा निवर्तमान विज्ञान प्रविधि मन्त्री शिवलाल थापाले विज्ञान तथा प्रविधि मन्त्रालयको स्थानीय निकाय ग्रमिण क्षेत्रसम्म पुग्नुपर्नेमा सिंह दरवारमा सिमित भएको भन्दै आफ्नो तर्फबाट सक्दो पहल गर्ने प्रतिवद्धता जनाउनु भयो । कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीले प्रविधि क्षेत्रको विकासका लागि सक्दो पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

कार्यक्रममा सम्बोधन गर्नुहुँदै क्यान महासंघका अध्यक्ष ई. विनोद ढकालले मे २ लाई सरकारले राष्ट्रियताको मान्यता दिनुपर्ने बताउनुभयो । सबैभन्दा प्राथमिकतामा र राख्नुपर्ने प्रविधि क्षेत्र न्यून प्राथमिकतामा परेको भन्दै अध्यक्ष ढकालले सरकारले उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने हो भने मुलुकको समृद्धिमा सबैभन्दा बढी योगदान पुग्ने बताउनुभयो ।

समापन कार्यक्रममा बोल्नु हुँदै क्यान महासंघका महासचिव विश्वराम बलामीले प्रविधिको विकासका लागि सबैसँग सहकार्य गरेर अघि बढ्नुपर्ने कुरा बताउनु भयो । कार्यक्रममा निवर्तमान विज्ञान प्रविधि मन्त्री शिवलाल थापा, नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदी, नेपाल दुरसञ्चार प्राधिकरणका निर्देशक आनन्दराज खनाल, सूचना प्रविधि विभागका महानिर्देशक विरेन्द्रकुमार मिश्र, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठ, नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष राजेन्द्र मल्ल, क्यान महासंघका पूर्व अध्यक्ष लोचन लाल अमात्य लगायत सहभागि हुनुहुन्थ्यो ।

कार्यक्रममा भायनेट कम्यूनिकेशनका मेनेजिङ डाइरेक्टर विनय बोहराले नेपालमा ईन्टरनेटको विगत, वर्तमान र भविष्यका बारेमा प्रस्तुतीकरण दिनु भएको थियो ।

राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि पुरस्कार २०१६ वितरण

राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको अवसरमा प्रविधि क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुलाई राष्ट्रिय पुरस्कारले सम्मान गरिएको थियो ।

कार्यक्रममा बेस्ट आईसीटी युजर ईन पब्लिक सेक्टर अवार्ड २०१६ राष्ट्रिय वाणिज्य बैंकलाई प्रदान गरिएको थियो । त्यस्तै बेस्ट आईसीटी युजर ईन प्राईभेट सेक्टर अवार्ड २०१६ प्रोफेशनल कम्प्युटर सिष्टम प्रालिलाई प्रदान गरिएको थियो ।

नेपालमा सूचना तथा प्रविधिको विकास र विस्तारमा पुऱ्याएको योगदानको कदर गर्दै आगामी दिनहरुमा थप प्रोत्साहनका लागि यो अवार्ड प्रदान गरेको क्यान महासंघले जनाएको छ ।

जिल्ला शाखाहरुको कार्यक्रम

आइसिटी सप्ताह मनाउने क्रममा क्यान महासंघ अन्तर्गत रहेका विभिन्न जिल्ला शाखाहरुले सप्ताहव्यापीरुपमा विभिन्न कार्यक्रमहरु आयोजना गरिएको थियो । यस अन्तर्गत मोरङमा 'awareness program on Social Media & Mobile Security' विषयक कार्यशाला आयोजना गरिएको थियो । त्यस्तै काभ्रेमा 'Importance

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

& Challenges of ICT on National Security Force(Nepal Police)' विषयक अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरिएको थियो भने लमजुङमा सूचना प्रविधिको अवस्था, अवसर र चूनौती विषय अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरिएको थियो ।

त्यस्तै गोरखामा 'Inter School Quiz Competition' आयोजना गरिएको थियो भने चितवनमा 'Inter College IT Quiz Competition' कार्यक्रम गरिएको थियो । इलाममा 'सूचना प्रविधिको औचित्य र संभावित जोखिम न्यूनीकरण' विषय कार्यक्रम गरिएको थियो । झापामा आइसीटी क्विज कन्टेस्ट कार्यक्रम आयोजना गरिएको थियो । त्यसै गरेर सुर्खेतमा चेतनामूलक प्रभातफेरीका साथै कार्यशाला गोष्ठी सम्पन्न गरिएको थियो । सर्लाहीमा आइसिटी क्विज कन्टेस्ट र आइसिटी सेमिनार कार्यक्रम भएको थियो । मकवानपुरमा टाइपिङ कम्पिटिसन कार्यक्रम आयोजना गरिएको थियो ।

त्यस्तै सिन्धुपाल्चोकमा निःशुल्क कम्प्युटर मर्मत शिविर, 'देश-विकासका लागि प्रविधि' विषयक स्पिच प्रतियोगिता, 'सूचना, सञ्चार तथा प्रविधिसँग सम्बन्धित हाजिरी-जवाफ प्रतियोगिता, स्पिड नेपाली टाइपिङ प्रतियोगिता, कम्प्युटर एप्सबाट चित्रकला प्रतियोगिता लगायतका कार्यक्रमहरु आयोजना गरिएको थियो । कास्कीमा प्रभातफेरी कार्यक्रम आयोजना गरिनुका साथै ओम शिवशक्ति कल्याण आश्रमलाई सोलार वितरण गरिएको थियो ।

त्यस्तै बाँकेमा रक्तदान कार्यक्रम, अन्तरस्कुल टाइपिङ कम्पिटिसन, स्लो मोटरबाइक कम्पिटिसन, एकाउन्टिङ तालिम, आइसिटी प्रभातफेरी, आइसिटीको महत्वबारे पत्रकारहरुसँग अन्तरक्रिया लगायतका कार्यक्रमहरु आयोजना गरिएको थियो । नवलपरासीमा दृष्टिविहिन बालबालिकालाई पोशाक वितरण कार्यक्रम आयोजना गरिएको थियो भने कन्चनपुरमा सरकारी विद्यालयमा कम्प्युटर तालिम, प्रभातफेरी, सुस्त मनस्थिती भएका विद्यार्थीलाई झोलासहित पठनपाठनका सामाग्री वितरण गरिएको थियो ।

त्यसै गरेर कैलालीमा आइसिटीका वारेमा अन्तरक्रियात्मक कार्यक्रम गरिएको थियो भने दाङमा प्रभातफेरीका साथै 'Interaction on Role of ICT in Rural Development' विषयक कार्यशाला पनि आयोजना गरिएको थियो ।

NEPAI CERT को स्थापना

साइवर ह्याकिङ लगायतका समस्याले आम विश्व समुदायको टाउको दुखाईरहेको भन्दै आइसीटी डे कै अवसरमा क्यान महासंघले Nepal CERT टिप स्थापना गरेको छ ।

यो टिममा आइटी क्षेत्रका विभिन्न विषयविज्ञहरुको संलग्न हुनुका साथै समस्या समाधानका लागि आवश्यक आधारभूत पूर्वाधारहरु समेत व्यवस्था गरिएको छ । कुनै व्यक्ति तथा संघ संस्थामा साइवर सेक्यूरिटी लगायतका समस्या आए Nepal CERT टिमलाई खवर गर्नु भएमा चाडो भन्दा चाडो समस्या समाधानको पहल गर्ने महासंघले जनाएको छ । यो सेवा क्यान महासंघ जिल्ला शाखाहरुबाट समेत उपलब्ध हुनेछ ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

बिश्व दुरसञ्चार तथा सूचना समाज दिवसमा कार्यक्रम

बिश्व दुरसञ्चार तथा सूचना समाज दिवसका अवसरमा क्यान महासंघको संयोजनमा दुरसञ्चार प्राधिकरण र सूचना तथा सञ्चार मन्त्रालयले एक अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गरेको छ। कार्यक्रममा निवर्तमान सञ्चार मन्त्री शेरधन राई, सूचना तथा सञ्चार सचिव दिनेश थापा, दुरसञ्चार प्राधिकरणका निर्देशक आनन्दराज खनाल, उद्योग वाणिज्य महासंघका प्रतिनिधि, नेपाल चेम्वर अफ कमर्सका प्रतिनिधी, क्यान महासंघका अध्यक्ष ई. विनोद ढकाल लगायत हुनुहुन्थ्यो ।

कार्यक्रमलाई सम्वोधन गर्नु हुँदै संचारमन्त्री राईले सूचना प्रविधिको विकासले नै समग्र मुलुकको विकास सम्भव हुने भएकाले सरकारले प्राथमिकतामा राखेर काम गर्नुपर्ने वताउनु भयो । त्यस्तै कार्यक्रममा क्यान महासंघका अध्यक्ष ई. विनोद ढकालले प्रविधिको क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्न नसकेकाले तिव्रतर विकास हुन नसकेको वताउनु भयो ।

कार्यक्रममा क्यान महासंघका महासचिव बिश्वराम बलामीले नेपालको समग्र प्रविधि क्षेत्रको संरचनाका वारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

त्यस्तै एल्लो नेपाल प्रालिका सिइओ अनिश श्रेष्ठले 'आसीटी स्टार्टअप इन नेपाल' विषयक कार्यपत्र पेश गर्नु भएको थियो । त्यस्तै कार्यक्रममा कर्मथ डंगोलले 'स्टाटस एण्ड वे अहेड स्मल टु मिडियम साइज आइसीटी ईन्टरप्राइजेज इन नेपाल' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा क्यान महासंघका सदस्य हेमपाल श्रेष्ठले 'आइसीटी इन्टरप्रेनरशिप फर सोसियल ईम्प्याक्ट' विषयमा प्यानल डिस्कसन समेत संचालन गर्नुभएको थियो ।

कार्यक्रममा सूचना तथा संचार मन्त्रालय, दुर सञ्चार प्राधिकरण, नेपाल टेलिकम, एनसेल, युटिएल, आइस्पान, नेपाल चेम्वर अफ कमर्स, क्यान महासंघ लगायत विभिन्न संघसस्थाका प्रतिनिधीहरु सहभागि हुनुहुन्थ्यो ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

क्यान महासंघ एक्स्ट्रा

क्यान महासंघद्वारा टेबलटेनिस प्रतियोगिता

क्यान महासंघले टेबलटेनिस प्रतियोगिता सम्पन्न गरेको छ । प्रतियोगिताको उपाधि प्राइम कलेजले जितेको छ । बिजेता टिमहरुलाई सूचना प्रविधि विभागका महानिर्देशक बिरेन्द्रकुमार मिश्रले पुरस्कार वितरण गर्नु भएको थियो । प्रतियोगितामा योमरी, आइएमएस नेपाल, वेबसर्फर, ब्रेन डिजिट, टचकनेक्ट, कल मोबिलिटी, योङ माइन्ड्स, एमिनेन्स वेज, प्राइम कलेज लगायतका कम्पनी तथा संस्थाहरु सहभागि थिए ।

विद्युतीय कारोवार ऐनका वारेमा वर्कशप

विद्युतीय कारोवार ऐन २००६ का वारेमा वर्कशप सम्पन्न भएको छ । क्यान महासंघ, सीआइबी, ईन्टरनेट सोसाइटी नेपाल च्याप्टरको संयुक्त आयोजनामा वर्कशप सम्पन्न भएको हो ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

नेपाल प्रहरीको हेडक्वाटर नक्सालमा आयोजित वर्कशपमा विद्युतीय कारोवार ऐनका विविध पक्ष र आयामहरुका वारेमा जानकारी प्रदान गरिएको थियो ।

क्यान महासंघद्वारा पिकनिक कार्यक्रम

क्यान महासंघले पिकनिक कार्यक्रम सम्पन्न गरेको छ । महासंघले गत जेठ १ गते थानकोटस्थित त्रिभूवन पार्कमा पिकनिक कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा करिव दुई सय जना सहभागि थिए ।

महासंघका सदस्यहरुबीच आपसी सद्भाव र मेलमिलापको भावना अभिवृद्धि गर्ने उद्धेश्यले कार्यक्रम आयोजना गरिएको महासंघका अध्यक्ष ई. विनोद ढकालले जानकारी दिनुभयो ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

क्यान महासंघका महासचिव बलामी सम्मानित

क्यान महासंघका महासचिव बिश्वराम बलामी सम्मानित हुनु भएको छ । दुई दशकदेखि सूचना प्रविधि तथा सामाजिक क्षेत्रमा क्रियाशील रहदै आउनु भएका बलामीको योगदानको कदरस्वरुप आइसिटी पत्रकार विकास मञ्चले सम्मान प्रदान गरेको हो ।

मञ्चले आयोजना गरेको कार्यक्रममा पूर्वअर्थमन्त्री डा. रामशरण महतले बलामीलाई सम्मानसहित अवार्ड प्रदान गर्नु भएको हो । कार्यक्रममा पूर्व अर्थमन्त्री महतले पछिल्लो पटक प्रविधिको विकाससँगै साइबर अपराध बढ्दै गएको हुँदा त्यसलाई नियन्त्रण गर्नुपर्ने बताउनुभयो । सम्मान ग्रहन गर्दै महासचिव बलामीले अवार्डले आफूलाई काम गर्नमा थप उत्साह र प्रेरणा मिलेको बताउनुभयो ।

भन्सार विभाग र क्यान महासंघबीच सम्झौता

क्यान महासंघ र नेपाल सरकारको भन्सार विभागबीच एक सम्झौता भएको छ । प्रविधिजन्य सामाग्री आयात/निर्यातमा आउन सक्ने विविध समस्या समाधानका लागि दुई निकायबीच सम्झौता गरिएको हो ।

सम्झौता अनुसार अब प्रविधिजन्य सामाग्री आयात निर्यातमा कुनै पनि समस्या देखा परे क्यान महासंघको राय सुझाव लिने र महासंघले पनि आवश्यकता अनुसार सल्लाह सुझाव दिने भएका छन । साथै यस सम्वन्धी कुनै पनि निर्णय गर्नुपर्दा क्यान महासंघको सल्लाह सुझाव लिएर मात्रै निर्णय गर्ने सम्झौता भएको छ । सम्झौता पत्रमा भन्सार विभाग र क्यान महासंघका पदाधिकारीहरुले हस्ताक्षर गरेका छन ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

आइटी आर्टिकल

सूचना प्रविधिबारे के छ आव २०७३/७४को बजेटमा ?

सरकारले आगामी आर्थिक वर्ष २०७३/७४ का लागि १० खर्ब ४८ अर्ब ९२ करोड १३ लाख ५४ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ। व्यवस्थापिका संसद बैठकमा निबर्तमान अर्थमन्त्री विष्णु पौडेलले गत आर्थिक वर्षभन्दा २८ प्रतिशतले बढी बजेट प्रस्तुत गर्नुभएको हो ।

यो वर्ष पनि बजेटमा प्रविधि क्षेत्र प्राथमिकतामा पर्न सकेको छैन । बजेटमा काठमाडौ उपत्यकामा फोरजी सेवा विस्तार गर्ने र ७२ जिल्लामा ब्रोडब्याण्ड इन्टरनेट पुर्याउने उल्लेख छ । करलाई व्यवस्थित गर्ने विद्युतिय प्रणाली र आइटीको प्रयोगमा भने जोड दिइने बजेटमा भनिएको छ । लोकमार्गमा अप्टिकल फाइबर बिछ्याएर ७२ जिल्लामा ब्रोडव्याण्ड इन्टरनेट पुर्याइने र ब्रोडब्याण्ड नपुग्ने स्थानमा माइक्रोवेबबाट इन्टरनेट सेवा पुर्याउने लक्ष्य राखिएको छ ।

ग्रामिण दुरसञ्चार कोषको रकमलाई प्रयोग गरि सामुदायिक विद्यालय र स्वास्थ केन्द्रमा इन्टरनेट पुर्याउने कुरा बजेटमा उल्लेख गरिएको छ । त्यसैगरी बजेटमा यूवा वैज्ञानिकहरुलाइ प्रोत्साहन गर्न अनुसन्धान बृति र पुरस्कारको व्यवस्था गर्ने उल्लेख गरिएको छ ।

सूचना प्रविधि सम्वन्धी ऐनको विधेयक संसदमा पेश गरिने कुरा उल्लेख गरेको छ। उच्च पहाडी क्षेत्रमा डेटा सर्भर स्थापनाको सम्भावना अध्ययन र काम अघि बढाउने कुरा उल्लेख गरिएको बजेटमा राष्ट्रिय सूचना केन्द्रको क्षमता अभिवृद्धि गरिने पनि जनाएको छ ।

त्यस्तै बैंकहरुको सेवालाइ मोवाइल बैकिङ र शाखारहित बैकिङको विस्तार गरिने बताइएको छ । काठमाण्डौलाई सेटेलाइट शहर र अन्य १० शहरलाई स्मार्ट सिटीको रुपमा विकास गर्न काम थालिने बजेटमा उल्लेख गरिएको छ । अनलाइनबाट हुने कारोबारलाई करको दायरामा ल्याइने कुरा बजेटमा प्रस्ताव गरिएको छ ।

सरकारले लाइसेन्सको स्मार्ट कार्ड वितरण प्रभावकारी बनाउने र ५ वर्षभित्र पुर्ण रुपमा स्मार्टकार्ड सञ्चालन हुने गरि काम गर्ने बजेटमा जनाएको छ । कर प्रणालीलाई व्यवस्थित गर्न ३६५ दिन र २४ औ घन्टा सेवा दिने गरि व्यवस्था गरिने बताइएको छ । २०७५ सालसम्म कर प्रणाली पुर्णरुपमा विद्युतीय बनाउने गरि काम गरिने बजेटमा उल्लेख छ ।

बजेटमा प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा सूचना तथा सञ्चाकर प्रविधिका पूर्वाधारको स्थापना गर्न अनुदान दिने व्यवस्था गरेको छ । विद्यालयमा सूचना तथा सञ्चाार प्रविधि प्रयोगशालाको स्थापना, स्मार्ट बोर्डको प्रयोग र अन्तरक्रियात्मक विद्युतीय शिक्षण सिकाइ पद्धतिको विस्तार गरिन पनि बजेटमा उल्लेख छ ।

विज्ञान तथा प्रविधि क्षेत्रमा आवश्यक दक्ष जनशक्ति तयार गर्न हेटौंडा नगरपालिकाको मयुरधापमा मदन भण्डारी विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना गरिने बताईएको छ । प्रक्रियामा रहेको मदन भण्डारी विश्वविद्यालय स्थापनाको कार्यलाई अगाडि बढाइ जनाएको छ ।

त्यस्तै आगामी आर्थिक वर्ष राष्ट्रिय वैज्ञानिक सम्मेलनको आयोजना गरिन उल्लेख छ । पारमाणविक पदार्थहरूको नियमनसम्बन्धी विधेयक र सूचना प्रविधिसम्बन्धी छाता ऐनको विधेयक आगामी आर्थिक वर्ष व्यवस्थापिका-संसद्समक्ष पेस गरिने जनाएको छ ।

न्यून लागत र कम विद्युत् उपयोगबाट उच्च पहाडी क्षेत्रमा डाटा सर्भर स्थापना र सञ्चालन गर्ने सम्भावनाको अध्ययन गरिने भनिएको छ । डाटा सर्भर स्थापना गर्न प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहित गरिने जनाएको छ । राष्ट्रिय सूचना केन्द्रको क्षमता अभिवृद्धि गरिने पनि बजेटमा उल्लेख छ ।

त्यसैगरी प्रविधिमा आधारित अनुगमन र परीक्षण गर्न सक्ने प्रणालीको कार्यान्वयन गरी मदिरा, वियर, वाईन, चुरोट लगायतका सूर्तीजन्य तथा मदिराजन्य वस्तुमा

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

लगाउदै आएको अन्तःशुल्क स्टिकरलाई राजस्व चुहावट नियन्त्रण गरिने जनाएको छ ।

सेवा प्रवाहलाई सुरक्षित एवं भरपर्दो बनाउन विद्युतीय कर प्रणालीको विकासमा जोड दिइने भनिएको छ । यसका साथै राजस्व सँग सम्बद्ध विद्युतीय सूचना प्रणालीलाई अन्तरआवद्धता हुने गरी एकीकृत सूचना प्रविधिको विकास गरिने जनाएको छ ।

त्यस्तै भन्सार जाँचपासको वेभमा आधारित प्रणालीलाई थप १० मुख्य भन्सार कार्यालयहरूमा विस्तार गरिने बजेटमा उल्लेख छ । डिपार्टमेन्टल स्टोर र व्यवसायिक संरचनामा रहेका सबै करदाताले अनिवार्य रूपमा विद्युतीय प्रणालीबाट बीजक जारी गर्नु पर्ने व्यवस्था गरिने बताइएको छ । मालवस्तुको आन्तरिक ओसार पसारलाई थप व्यवस्थित गर्न र व्यापार विचलन रोक्न विद्युतीय सूचना प्रणालीको उपयोग गरिने उल्लेख छ । त्यसै गरेर सामुदायिक विद्यालयहरूमा अंग्रेजी, गणित, विज्ञानका साथै प्राविधिक विषयका विषयगत शिक्षकहरूको दरबन्दी विस्तार गर्दै लगिने पनि बजेटमा उल्लेख छ ।

टेकटक

"ब्रोडब्याण्ड ईन्टरनेट र कम्युनिकेशन टेक्नोलोजीलाई जोड दिएका छौं"

बिश्वराम बलामी
(महासचिव, क्यान महासंघ)

क्यान महासंघले सूचना प्रविधि क्षेत्रको विकास र प्रवर्द्धनका निम्ति विभिन्न कार्यक्रमहरु बर्षभरी नै गर्दै आएको छ । महासंघले विगत २४ वर्षदेखि विभिन्न किसिमका सेमिनार, कार्यशाला, गोष्ठी, अन्तरक्रिया, इन्फोटेक, कमटेकमार्फत आम जनमानसमा चेतना अभिवृद्धि, विकास एवं विस्तार तथा यस क्षेत्रका विषयगत समस्या समाधानका लागि व्यवसायी तथा सरकारका सम्बन्धीत निकायसँग समन्वय गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका प्रदर्शनी र सम्मेलनहरु गर्दै आईरहेको छ ।

महासंघले आगामी भदौ २३ गतेदेखि 'क्यान कमटेक २०१६' प्रदर्शनी गर्न लागेको छ ।

प्रस्तुत छ यसै सेरोफेरोमा रहेर क्यान महासंघका महासचिव बिश्वराम बलामीसँग गरिएको कुराकानी ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

क्यान कमटेक २०१६ लाई आम सर्वसाधारणले कसरी बुझ्ने ?

यो एउटा प्रविधिको कुम्भमेला हो । सूचना प्रविधिसँग सम्वन्धित हरेक कुराहरुको वारेमा जानकारी लिन र खरिद गर्नका लागि क्यान कमटेक उपयुक्त थलो हुनेछ । समयसँगै आफूलाई अपडेट गर्न चाहने हरेक नागरिकले अवलोकन गर्नुपर्ने प्रदर्शनी हो ।

प्रदर्शनीको तयारी कस्तो भईरहेको छ ?

क्यान कमटेकलाई एकदम सभ्य, भव्य र व्यवस्थित बनाउने तयारीका साथ हामी जुटिरहेका छौ । आम सर्वसाधारणले विगतमा दिएका सल्लाह, सुझाव र प्रतिक्रिया अनुसार हामी अघि बढ्ने छौं ।

कमटेकको आकर्षणहरु चाँही के के हुन् ?

कमटेकमा ईन्टरनेट सेवा प्रदायक, टेलिकम्युनिकेशन्स्, इलेक्टोनिक्स, सेफ्टी एण्ड सोलुसन्स, हार्डवेयर सेल्स तथा मेन्टीनेन्स्, पावर सोलुसन्स्, मोवाईल एसेसोरिज, डिलर र डिस्ट्रिव्युटर्स, आईसीटी कलेज तथा ट्रेनिङ्ग ईन्स्टिच्युटस्, पेमेन्ट सोलुसन्स् र अन्य स्टलहरु रहनेछन् । प्रदर्शनीहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीहरुको सहभागिता रहने भएकाले सर्वसाधारणहरुले सबै किसिमका जानकारी एकै स्थानबाट सजिलै पाउने आशा हामीले लिएका छौं । सरकारले परिकल्पना गरेको स्मार्ट सिटीको आधारभुत पूर्वाधार सम्बन्धी जानकारी यस प्रदर्शनीमा उपलब्ध हुने छ ।

स्टलको व्यवस्थापन कसरी गर्नुभएको छ ? कति स्टल रहनेछन ?

क्यान कमटेक २०१६ मा साना ठूला गरि ८१ वटा स्टल रहनेछन् । यस पटकको प्रदर्शनीमा सेक्यूरिटी सोलुशन्स कम्पनीहरुका लागि छुट्टै pavilion को व्यवस्था गरेका छौं । उक्त pavilion मा Electronic Security तथा Safety and Solution का उपकरणहरु जस्तै CCTV, Access Control System, Sensor and Alarm, Staff Attendance, Fire and Smoke Detector, Fire Fighter आदि रहने छन ।

सर्वसाधारण र विद्यार्थीहरुका लागि प्रवेशमा के कस्तो व्यवस्था छ ?

हामीले यी कुराहरुमा विशेष ध्यान दिएका छौ । सर्वसाधारणहरुलाई प्रवेश शुल्क ५० रुपैंया र विद्यार्थीहरुलाई २५ रुपैंया तोकेका छ । साथै कलेज तथा स्कुलका विद्यार्थीहरु सम्बन्धित कलेज तथा स्कुलको पत्रसहित आएमा टिकट दरमा विशेष छुट प्रदान गर्नेछौ ।

कतिले अवलोकन गर्ने अपेक्षा राख्नु भएको छ ?

हामीले यो संस्करणको डेढ लाख जनाले अवलोकन गर्ने अपेक्षा गरेका छौ । प्रदर्शनीमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा कार्यरत व्यक्तिहरु, उद्योगीहरु, नीति निर्माताहरु, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा अध्ययनरत विद्यार्थीहरु, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कार्यरत तथा यस क्षेत्रलाई माया गर्नुहुने नेपाल सरकारका विभिन्न निकायहरु, बैंक तथा वित्तीय संस्थाहरु, स्कुल कलेजहरु तथा अन्य निजी क्षेत्रमा कार्य गरि रहनु हुने जिज्ञासु व्यक्तिहरु तथा विभिन्न कुटनीतिक नियोगका प्रतिनिधिहरु समेतबाट प्रदर्शनीको अवलोकन हुने हामीले अपेक्षा लिएका छौं ।

क्यान ईन्फोटेक र क्यान कमटेक उस्तै हुन ?

झट्ट हेर्दा उस्तै देखिए पनि फरक छन । कमटेकमा इन्फरमेसन, कम्युनिकेशन र टेक्नोलोजी प्रदर्शनी हुनेछ । यसमा विशेष गरी ब्रोडब्याण्ड ईन्टरनेट र कम्प्युनिकेशन टेक्नोलोजीलाई जोड दिएका छौं । यस अन्तर्गत ब्रोडब्याण्ड ईन्टरनेट सेवामा विशेष सहुलियतसहित High Speed Internet प्रमुख आकर्षण बन्ने छन् ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

आईटी इन्फो

आइसिटी परिषद गठन

सरकारले सूचना तथा सञ्चार प्रविधि (आइसिटी) परिषद गठन गरेको छ । २०७३ बैशाख ३० गतेको मन्त्रिपरिषदको निर्णय अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा २३ सदस्यीय परिषदको गठन गरेको हो ।

परिषदमा प्रधानमन्त्री अध्यक्ष र सूचना तथा सञ्चार मन्त्रीसगै बिज्ञान तथा प्रविधि मन्त्रीलाई सह अध्यक्ष हुने व्यवस्था गरिएको छ । यसैगरी राष्ट्रिय योजना आयोगका प्रतिनिधि, मुख्य सचिव र ७ वटा विभिन्न मन्त्रालयका सचिव परिषदको सदस्य रहने व्यवस्था गरिएको छ। यसैगरी नेपाल दुरसञ्चार प्राधिकरणका अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्री परिषदका सचिव, नेपाल उद्योग बाणिज्य महांघका सूचना प्रविधि समितीका सभापति सदस्य रहेका छन ।

यसैगरी सूचना तथा सञ्चार प्रविधि संघसस्थाबाट आवद्ध २ जना, विश्वविद्यालयबाट दुई जना, सूचना प्रविधिका विशेषज्ञ २ जना र सूचना प्रविधि क्षेत्रका व्यवसायी तथा उद्यमीबाट २ जना गरि जम्मा २३ जनाको परिषद गठन भएको हो ।

परिषदमा सूचना प्रविधि क्षेत्रका संघसस्थाहरुबाट क्यान महासंघका अध्यक्ष ई. बिनोद ढकाल, क्यान महासंघ मारङका अध्यक्ष निर्मल तामाङ र क्यान महासंघका तृतीय उपाध्यक्ष रोमकान्त पाण्डे सदस्यमा परेका छन् । यसैगरी बिज्ञको रुपमा परिषदमा इन्टरनेट सोसाइटी च्याप्टर नेपालका अध्यक्ष तथा कानुन व्यवसायी बाबुराम अर्याल सदस्य रहेका छन् । विश्वविद्यालयका तर्फबाट प्रा. डा शशिधरम जोशी र डा. मनिष पोखरेल सदस्यमा रहेका छन । यसैगरी उद्योग वाणिज्य महांसघका तर्फबाट सञ्जिव राजभण्डारी र व्यवसायीका तर्फबाट शुरेश कुमार रेग्मी र बसन्त बन परिषदका सदस्य रहेका छन ।

क्यान महांघका अध्यक्ष ई. बिनोद ढकालले सरकारको यो कदमले सूचना प्रविधिको विकासमा गति लिने बताउनुभयो । सदस्यहरुको कार्यकाल ४ वर्षको रहेको छ ।

महासंघका अध्यक्ष ढकालको संयोजकत्वमा स्मार्ट सिटीको लागि मापदण्ड तर्जुमा समिति गठन

सूचना तथा सञ्चार प्रविधि(आइसिटी) परिषदको पहिलो वैठकले क्यान महासंघका अध्यक्ष बिनोद ढकालको संयोजकत्वमा स्मार्ट सिटी तथा आइसिटी क्षेत्रको विकासको लागि मापदण्ड तर्जुमा समिति गठन गरेको छ ।

गत साउन ४ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको परिषदको पहिलो वैठकले उक्त मापदण्ड तर्जुमा समिति गठन गरेको हो । समितिमा परिषदका सदस्य बसन्त वन सदस्य रहेका छन् । परिषदको पहिलो वैठकले गरेका विभिन्न निर्णय अन्तगर्त बुदा न ५ मा उक्त समिति गठन गर्ने र मापदण्डको प्रतिवेदन सहरी विकास मन्त्रालयमा पेश गर्ने उल्लेख गरिएको छ । यसको लागि लजिस्टिक तथा अन्य आवश्यक सहयोग सहरी विकास मन्त्रालयले गर्ने समितिलाइ प्राप्त पत्रमा उल्लेख गरिएको छ ।

२०७३ साल बैशाख ३० गतेको मन्त्रीपरिषदको वैठकले आइसिटी काउन्सिल गठन गर्ने निर्णय गरेको थियो । जेष्ठ दोश्रो हप्ता बिभिन्न क्षेत्राट ९ जना

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

विज्ञ सदस्य रहने गरि प्रधानमन्त्रीको अध्यक्षतामा गठित आइसिटी परिषदका सदस्यको नाम सरकारले सार्वजनिक गरेको थियो । परिषदका सदस्य समेत रहेका ढकालले सबैको सहयोगको अपेक्षा गरेको र सरकारले आइसिटीलाई प्राथमिकतामा राखेर काम गरेमा नेपालले चाडै मुहार फेर्ने बताउनुभयो ।

आइसिटी स्टार्टअप अवार्ड वितरण

'सुस्मित इन्टरनेशनल आइसिटी स्टार्टअप अवार्ड २०१६ इन एशोसिएसन विथ नेफिक्स' सम्पन्न भएको छ । काठमाडौंस्थित वल्ड ट्रेड टावर, त्रिपुरेश्वरमा आयोजना गरिएको अवार्ड कार्यक्रममा विभिन्न चरणको प्रतिष्पर्धा पार गर्दै अन्तिम ४ मा पर्न सफल आइटी स्टार्टअपलाई सूचना तथा सञ्चार मन्त्री शेरधन राईले अवार्डले सम्मान गर्नुभएको थियो । लिभिङ विथ आइसिटीको चौथो वार्षिकोत्सवका अवसरमा कार्यक्रममा सम्मानित हुने ४ आइटी स्टार्टअपमा सस्तो डिल प्रालि, कुल टेक्नो ल्याब एण्ड रिसर्च सेन्टर प्रालि, समार्ट समाज (नेप्फ्लाईट) र यल्लो नेपाल प्रालि रहेका छन् ।

यस्तै उत्कृष्ट १० मा पर्न सफल गुर्खा टेक प्रालि, मन्त्र आइडियाज प्रालि, ह्वाइटस्पेस प्रालि, एमिनेन्स वेज प्रालि, फुन्का टेक्नोलोजिज प्रालि र आइटेक नेपाल डटकम प्रालिलाई पनि सम्मान गरिएको थियो । कार्यक्रमकै अवसरमा नेपालका पहिलो कम्प्युटर वैज्ञानिक मुनिबहादुर शाक्यलाई सञ्चार मन्त्री राईले आइसिटी पायोनियर अवार्ड २०१६ ले सम्मान गर्नुभएको थियो ।

सो अवसरमा बोल्दै मन्त्री राईले सुचना तथा सञ्चार प्रविधि क्षेत्रमा चाडै आकर्षक प्याकेज ल्याउन लागेको जानकारी दिदै यसले यो क्षेत्रको विकासमा सहयोग पुग्ने बताउनु भयो । कार्यक्रममा क्यान महासंघका केन्द्रीय अध्यक्ष ई. विनोद ढकालले प्रविधिको विकासमा संचारको महत्वपूर्ण भूमिका हुने बताउनुभयो ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

न्यू प्रडक्ट

जियोनी एफ १०३ प्रो नेपाली बजारमा

जियोनीको नयाँ मोडेल जियोनी एफ १०३ प्रो नेपाली बजारमा आएको छ । एफ १०३ प्रोलाई 'सेल्फी मास्टर' का रुपमा लिइएको छ ।

फोनमा २.५ डी ड्रागन टेल ग्लासले सुरक्षित ५ इन्चको एच डी (७२० पी) आइ पी एस ईन(सेल डिस्प्ले (२९४ पी पी आइ पिक्सेल डेन्सिटी) छ ।

एफ १०३ को तुलनामा एफ १०३ प्रोमा नयाँ फिचरहरु थपिएको छ । क्यामेराको हकमा एफ १०३ प्रोमा १३ मेगा पिक्सेल्को फास्ट फोकस रियर क्यामेरा (टेक्स्ट रिकोगनिशन, टाइम ल्याप्स र अरु थुप्रै आकर्षक फिचर सहित) र फेस ब्युटी र स्क्रिन फ्लाश सहितको ५ मेगापिक्सेल्को फ्रन्ट क्यामेरा छ ।

एफ १०३ प्रो मा १.३ गिगाहर्जको क्वाडकोर मेडियाटेक एम टि ६७३५ प्रोसेसर छ । अन्य जियोनि मोडेल सरह एफ १०३ प्रोमा डी टि एस साउन्टड प्रविधि रहेको छ ।

फोनमा ३ जी बि च्याम र १६ जी बो रोम छ र एन्ड्रोइडको सबैभन्दा नयाँ संस्करण ६.० मार्शमेलोमा आधारित जियोनिको आफ्नै सफ्टवेर अमिगो ३.२ छ ।

डुअल सिम डुअल स्टान्डबाई रहेको यो सेटमा २४०० एम ए एचको ब्याट्री छ जसले २० घण्टाको टक टाईम र ४७० घण्टाको स्टान्डबाई टाईम प्रदान गर्दछ ।

इन्टरनेशनल आइटी

विश्वकै सबैभन्दा ठूलो पाइरेसी साइट बन्द

अमेरिकी सरकारले विश्वकै सबैभन्दा ठूलो पाइरेसी साइट 'किकएस टोरेन्ट्स' लाई बन्द गरेको छ । अन्तराष्ट्रिय सञ्चार माध्यमका अनुसार उक्त बेवसाइटका संस्थापक आरटम वालिनलाई क्रिमिनल चार्ज लगाउदै प्रहरीले पक्राउ गरेको छ । आरटम युक्रेनका नागरिक हुन् ।

टोरेन्टका संस्थापक माथि एक अर्ब डलर बराबरको अवैध रूपले कपी गरि चलचित्र, म्यूजिक क्यासेट र अन्य सामग्री बाडेको आरोप लगाइएको छ । अमेरिकाका जस्टिस डिपार्टमेन्टका अनुसार, यूक्रेनका ३० वर्षीय आरटम वालिनबिरुद्ध आपराधिक उजुरि दर्ता गरिएको थियो ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

याहुको दु:खद अन्त्य !

अन्ततः अमेरिकी कम्पनी याहुको दु:खद अन्त्य भएको छ । कुनैबेला इन्टरनेट उद्योगको बादशाह मानिने याहुलाई माइक्रोसफ्टले ४४ अर्ब डलर मूल्य तिर्न तयार भएको थियो तर विडम्वना अहिले जम्माजम्मी ५ अर्ब डलरमा याहु विक्रि गरिएको छ ।

लगातारको घाटापछि बिक्रिमा राखेको याहुलाई अमेरिकी दुरसञ्चार कम्पनी भेरिजोनले ५ अर्ब डलरमा किनेको हो । सन् २००० मा याहुको सेयर मूल्य उच्च रहेका बेला उसको कुल बजार पूँजीकरण १ खर्व २५ अर्ब डलरको थियो ।

गत वर्ष भेरिजोनले किनेको अर्को इन्टरनेट कम्पनी एओएलसँग याहुलाई मिसाइने छ । यो खरिद सम्झौतामा याहुको चिनियाँ कम्पनी अलिबाबासँग भएको सेयरचाहिँ हिसाव गरिएको छैन ।

सन् १९९४ मा स्थापित याहुले सन् २००३ मा गुगललाई ३ अर्व डलरमा किन्ने प्रस्ताव गरेको थियो । तर, गुगलका संस्थापकहरूले त्यसलाई अस्वीकार गरे । याहुले त्यतिबेलै गुगलले आफुलाई धक्का दिने अनुमान गरिसकेको थियो । आखिर भयो पनि त्यस्तै, इन्टरनेट दुनियाँमा अहिले गुगलको एकछत्र राज छ भने याहुले आफ्नो अस्तित्व नै जोगाउन सकेन ।

पछिल्ला वर्षहरूमा याहुले निरन्तर घाटा बेहोरिरहेको थियो । सन् २०१४ मात्र याहुले ४.४ अर्ब डलर घाटा बेहोरेको थियो । भेरिजनले यति धेरै घाटाउन्मुख कम्पनी याहु किन्नुका पछाडि यसका प्रयोगकर्ता नै रहेको वताईएको छ । याहुका अझै पनि करिव एक अर्बभन्दा बढी प्रयोगकर्ता रहेको वताईएको छ ।

आइटी एक्स्ट्र

गुगल गर्दा प्रहरीको फन्दामा !

कुनै नयाँ कुरा खोज्नु पर्दा हामी गुगल गर्छौं । तर धेरैलाई थाहा नहुन सक्छ कि गुगलबाट कुनै कुराको खोज गर्नुअघि सोच्नु पर्ने हुन्छ । नसोची गुगल सर्चमा पठायो भने आफ्नो गोप्यता सार्वजनिक हुन सक्छ ।

गुगल सर्च गर्दा केही त्यस चिजहरु हुन सक्छन् जसका बारेमा प्रहरी जानकारी लिन खोजिरहेको हुन्छ । अनि तिनै चिज खोज्नमा आफ्नो ध्यान जान सक्छ । आपराधिक गतिविधिजन्य खोज गर्दा प्रहरीको फन्दामा पर्ने सम्भावना रहन्छ । त्यस्तै संदिग्ध साइटको खोजीमा लागियो भने फस्न बेर लाग्दैन ।

गुगलमा कुनै पनि कुरा सर्च गर्दा त्यसको अभिलेख गुगलले आफ्नो हिस्ट्रीमा राख्न सक्छ । यस्तो कयौं पटक जानकारी लिक हुन सक्ने खतरा रहन्छ ।

कुनै रोगको बारेमा कतिपय जिज्ञासा र औषधिका बारेमा बुझ्ने प्रयासमा हो भने अझ बढी फस्ने सम्भावना रहन्छ । किनकि यसको जानकारीका लागि गुगलले थर्ड पार्टीलाई ट्रान्सफर गरिदिन्छ ।

यसै आधारमा बिरामी र उसको उपचारबारे विज्ञापन पनि देखाइन्छ । सो विवरण आपराधिक वेबसाइटमा पनि सेयर हुन्छ ।

यस्तो भयो भने आफू फसिने सम्भावना हुन्छ । कुन चिज कहाँ प्रयोग भएको छ आफूलाई थाहा नहुन सक्छ । आफ्नो व्यक्तिगत इमेल लगअन गरेर गुगलमा सर्च गर्दा अझ बढी खतरा आउन सक्छ । यसो गर्दा आफ्नो एकाउन्ट र पासवर्ड लिक हुने सम्भावना हुन्छ ।

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN Federation समाचार
www.can.org.np Volume-5

टेक टिप्स

मोबाइलको ब्याट्री जोगाउने टिप्स

हामी मोबाइल फोनबाट रेडियो सुन्ने, म्युजिक सुन्ने भिडियो हेर्ने, च्याट गर्ने, एसएमएस गर्ने, इमेल गर्ने, गेम खेल्ने, विभिन्न मनोरोञ्जनात्मक एप्स खेल्ने लगायतका थुप्रै कामहरु गर्छौं जसले गर्दा तपाईको मोबाइलको ब्याट्री चाडै सकिन्छ । यदि तपाईले निम्न कुराहरु ख्याल गर्नु भयो भने तपाईको मोबाइलको ब्याट्री केही कदसम्म बढी समय टिक्न सक्छ ।

- चम्किलो कम गर्ने
- भाइब्रेसन र रिङटोन मोडमा नहाल्ने
- वाइफाइ/ब्लुटुथ बन्द गर्ने
- ब्याट्री सेभ गर्ने एप्सहरु भनेर राम्ररी नबुझी डाउनलोड नगर्ने अन्यथा त्यसैले बढी ब्याट्री खान सक्छ
- मोबाइलमा राखेका एप्सहरु काम नभएको अवस्थामा प्रायः बन्द नै राख्ने
- अनावश्यक एप्सहरु हटाउने
- डिस्प्ले राख्दा एनिमेटेड नराख्ने
- नोटिफिकेशन प्रायः अफ राख्ने
- पावरसेभिङ मोडको प्रयोग गर्ने
- मोबाइलको नेटवर्क टाढाबाट कल गर्दा पनि ब्याट्री बढी खान्छ

हार्दिक बधाई तथा शुभकामना

ई. विनोद ढकाल

सञ्जिव राज भण्डारी

रोमकान्त पाण्डे


निर्मल तामाङ

प्रा.डा.शशिधर राम जोशी

डा. मनिष पोखरेल

सुरेश रेग्मी

बाबुराम अर्याल

वसन्त वन

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित राष्ट्रिय सूचना तथा संचार प्रविधि परिषदको सदस्यमा नेपाल सरकार मन्त्री परिषदको २०७३ जेठ ७ गते को निर्णय अनुसार नियुक्त हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना ब्यक्त गर्दछौं ।

CAN Federation

कम्प्युटर एशोसिएशन नेपाल महासंघ परिवार
खुसिबु, काठमाडौं

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN Federation समाचार
www.can.org.np Volume-5

आइसिटी डे का झलकहरु

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CAN
Federation
समाचार
www.can.org.np
Volume-5

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CNN
Federation
समाचार
www.can.org.np
Volume-5

टेबलटेनिस प्रतियोगिताका झलकहरु

कम्प्युटर एशोसिएशन नेपाल महासंघ
CNN
Federation
समाचार
www.can.org.np
Volume-5